स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स.: ०८२/८३
च.न.:

मितिः २०८२/०५/१८
ने.सं.११४५ जलाथ्व,

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

यस तारकेश्वर गाउँपालिका कार्यालयमा लागि तपशिल बमोजिमका पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्युनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस तारकेश्वर गाउँपालिकाको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र दरखास्त पेश गर्नुपर्ने छ।

तपशिलः

| क्र.सं. | विज्ञापन नं | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०५-२०८२/८३ | पालिका प्रहरी जवान | १ | |
| २ | ०६-२०८२/८३ | हलुका सवारी चालक | १ | |

- आवश्यक न्युनतम योग्यता र अनुभव

  १. पालिका प्रहरी जवान पदका लागि आवश्यक न्यूनतम योग्यता र अनुभवः-
  (क) कक्षा ८ उतीर्ण भएको
  (ख) कार्य अनुभव भएको
  (ग) आवेदकको उमेर हदः- कम्तीमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

  २. हलुका सावरी चालक पदका लागि आवश्यक न्यूनतम योग्यता र अनुभवः-
  (क) कक्षा ८ उतीर्ण भएको
  (ख) चार पांग्रे सवारी चालक अनुमती पत्र भएको
  (ग) आवेदकको उमेर हदः- कम्तीमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

- दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः निवेदन/आवेदन, शैक्षिक योग्यताको र चारित्रिक प्रमाण पत्र को प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, तालिम, अनुभवको प्रमाण पत्र( उपलब्ध भएमा) प्रतिलिपि, व्यवसाय अनुमती प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानुन अनुसार काउन्सिल वा परिषद वा अन्य दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि। साथै आवेदन म्याद सकिएपछि प्राप्त भएका वा रितपुर्वक नआएको आवेदन उपर कारवाही हुने छैन।
- दरखास्त दिने स्थानः तारकेश्वर गाउँकार्यपालिकाको कार्यालय, तारकेश्वर गाउँपालिका-१, दाङसिङ, नुवाकोट। साथै ईमेल मार्फत दरखास्त दिनेहरुले यस गाउँपालिकाको Website: www.tarakeshwormunnuwakot.gov.np बाट दरखास्त फारम Download गरी सम्पुर्ण विवरण भरेर यस गाउँपालिकाको हिमालयन बैङ्क लि. तारकेश्वर शाखामा रहेको तारकेश्वर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा दरखास्त दस्तुर जम्मा गरेको रसिद सहित सम्पुर्ण आवश्यक कागजपत्रहरु स्क्यान गरी ittarakeshwormun@gmail.com मा Email पठाउन सकिनेछ। दरखास्त दिने म्याद भन्दा पछि जम्मा गरिएको दरखास्त दस्तुरको रसिद मान्य हुने छैन र कार्यालयले त्यस किसिमको दस्तुर वापतको रकम फिर्ता गर्न बाध्य हुने छैन। साथै

स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स.: ०८२/८३
च.न.:

ईमेल मार्फत दरखास्त पेश गर्ने उमेद्वार हरुले परिक्षाको समयमा सम्पुर्ण कागजातहरुको सक्कल सहित उपस्थित हुनुपर्नेछ।

- दरखास्त दिने अन्तिम मितिः २०८२/०६/१० गते कार्यालय समय सम्म।
- दरखास्त दस्तुरः आवेदकले आवेदन दिने पद अनुसार तपशिल बमोजिम दरखास्त दस्तुर वापत रकम यस गाउँपालिका कार्यालयको हिमालयन बैङ्क लि. तारकेश्वर शाखामा रहेको तारकेश्वर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा जम्मा गरि सक्कल रसिद सहित आवेदन पेश गर्नु पर्नेछ। ईमेल मार्फत दरखास्त दिनेहरुले परिक्षा दिन आउँदा सक्कल रसिद ल्याउनु पर्नेछ। दरखास्त दिने म्याद भन्दा पछि जम्मा गरिएको दरखास्त दस्तुरको रसिद मान्य हुने छैन र कार्यालयले त्यस किसिमको दस्तुर वापतको रकम फिर्ता गर्न वाध्य हुने छैन।

| पद | आवेदन दस्तुर |
|---|---|
| पालिका प्रहरी जवान | रु.४०० |
| हलुका सवारी चालक | रु. ३०० |

- परिक्षाको किसिमः
  क) पालिका प्रहरी जवान पदका हकमा शारिरिक तन्दुरुस्ती परिक्षण, लिखित परीक्षा, अन्तरवार्ता
  ख) हलुका सवारी चालक पदका हकमा सिप परिक्षण, अन्तरवार्ता
- सेवा सुविधाः- गाउँपालिकाको नियमानुसार हुनेछ ।
- पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- गाउँपालिकाको नियमानुसार हुनेछ ।
- परीक्षा मिति, समय र स्थानः पछि प्रकाशन गरिनेछ

सिर्जना अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिर्जना अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Website : www.tarakeshwormunnuwakot.gov.np Email : ittarakeshwormun@gmail.com Phone: 010630001-630002
वेवसाइट : www.tarakeshwormunnuwakot.gov.np इमेल: ittarakeshwormun@gmail.com फोन नं. : ०१०६३०००१-६३०००२

CamScanner